# गंगाजमुना राजपत्र

**गंगाजमुना गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १) धादिङ, असोज ४ गते, २०७५ साल (संख्याः १**


# भाग - २

## गंगाजमुना गाउँपालिका

फुलखर्क, धादिङ, प्रदेश नं. ३, नेपाल

गंगाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गंगाजमुना गाउँपालिकाको 'घ' वर्ग निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका, २०७५

**प्रस्तावना**

सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन

गर्ने सम्बन्धमा ‘घ’ वर्गको निर्माण व्यवसाय संचालन गर्ने व्यवसायी, फर्म/कम्पनीको दर्ता र नवीकरण र नियमन गर्नुका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) मा भएको व्यवस्था कार्यन्वयन गर्न वाञ्छनीय भएकाले, कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेकोछ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “गंगाजमुना गाउँपालिकाको ‘घ’ वर्ग निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका २०७५” रहनेछ ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “ऐन” भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

(ख) “नियम” भन्नाले निर्माण व्य्वासायी नियमावली, २०५६ सम्झनु पर्दछ ।

(ग) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था, गैर सरकारी संस्था तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुनः निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।

(घ) "निर्माण व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै निर्देशिका बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(च) "घ वर्गको निर्माण व्यवसायी नियमन गर्ने निर्देशिका २०७५" भन्नाले यस निर्देशिकाको नाम सम्झनु पर्छ ।

(छ) "संगठित संस्था" भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(ज) "गैर सरकारी संस्था" भन्नाले नेपाल सरकार वा स्थानीय तह बाट स्वीकृत प्राप्त भएको संस्थालाई सम्झनु पर्दछ ।

(झ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरीवेक्षण गर्न नेपाल सरकार, प्रादेशिक तथा स्थानीय तह तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **इजाजतपत्रः** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने 'घ' वर्गका निर्माण व्यवसायीले अनुसुची-१ वमोजिमको ढाचाँमा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले त्यस्तो दरखास्त उपर इजाजतपत्र नियमन समितिमा जाँचबुझ गराई इजाजतपत्र दिन उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

**इजाजतपत्र नियमन समितिः**

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ग) इन्जिनियर, पूर्वाधार विकास तथा वातावरण व्य. शाखा सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको इजाजतपत्र नियमन सिफारिस समितिका पदाधिकारीहरु सम्बन्धित शाखाका कर्मचारीहरु मध्येवाट प्रमुख प्रसाशाकीय अधिकृतले तोक्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई गाउँपालिकाले तोकेको अनुसूची- २ को ढाँचामा इजाजतपत्र दिइने छ ।

(५) उक्त समितिले १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

(६) समितिबाट सिफारिस भई आएको १५ दिनभित्र गाउँपालिकाले इजाजतपत्र वापत तोकिएको दस्तुर लिई इजाजतपत्र दिनेछ । त्यस्तो इजाजतपत्र अनुसूची-३ वमोजिमको ढाँचामा अभिलेख राखी/अद्यावधिक गराई राख्नुपर्नेछ ।

४. **इजाजतपत्रको अवधि र नवीकरण:** (१) निर्देशिकाको दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुत तिरी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिई तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले अनुसूची-४ तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

५. **इजाजतपत्र खारेजी :** (१) देहायको अवस्थामा नियमन समितिको सिफारिसमा गाउँपालिकाले निर्माण व्यवसायिको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा

झुट्ठा विवरण तथा तत् सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा २ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

६. **इजाजतपत्रको प्रतिलिपि दिनेः** कुनै निर्माण व्यवसायीले 'घ' वर्गको इजाजतपत्र हराए वा नासिएको कारणबाट 'घ' वर्गको इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा गाउँपालिकाबाट तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद-३

## निर्माण व्यवसायीको दायित्व तथा आवश्यक योग्यता

८. **निर्माण व्यवसायीको दायित्व :** (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण सम्पन्न गरेको निर्माण कार्यको एकप्रति विवरण अनिवार्य गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) 'घ' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

(क) प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

(ख) कर कार्यालयमा दर्ता/कर चुक्ता भएको प्रमाणपत्र ।

(ग) फर्मको नाममा खाता खोली रु. एकलाख जम्मा भएको बैंक भौचर ।

(घ) सब.ईन्जिनियर/इन्जिनियर १ जना, लेखा सम्बन्धी काम गर्ने १ जना र प्रशासन सम्बन्धी काम गर्ने १ जना गरी जम्मा ३ जना कर्मचारीहरु हुनु पर्नेछ ।

(४) तिनै जना कर्मचारीको शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रको प्रमाणित फोटोकपी पेश गर्नु पर्ने ।

(५) फर्मका पूर्ण समय दिन्छु भनी करारनामा तिनै जना कर्मचारीको पेश गर्नु पर्ने ।

(६) उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्ने उक्त प्रमाण प्रमाणित हुनुपर्ने ।

(७) उपकरण ठिक छ भनि प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियर काउन्सिलको सदस्यताको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

(८) देहायका उपकरणहरुको बिमा गरेको हुनुपर्ने ।

(क) लेबल मेसिन

(ख) वाटर पम्प

(ग) भाइब्रेटर

(९) इजाजत सिफारिस गर्दा परिच्छेद-२, बुदा नं २ को ४ र ५ बमोजिम जाँचबुझ गरी प्रमाण पत्र दिइन्छ ।

९. **थपघट, हेरफेर वा संशोधन :** कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

१०. **वाधा अडकाउ फुकाउने अधिकार :** (क) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा गाउँ कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

११. **यसै बमोजिम भए गरेको मानिने :** यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

# अनुसूची-१

## (निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

मितिः ....................

विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
गंगाजमुना गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ

महोदय,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

1. दस्तखत पेश गर्ने फर्म वा कम्पनीको
   नाम :
   ठेगानाः
   पोष्ट बक्स नंः
   टेलिफोन नं :
2. फर्म वा कम्पनीको प्रकृति
   ☐ प्राइभेट लिमिटेड कम्पनी
   ☐ पब्लिक लिमिटेड कम्पनी
   ☐ एकलौटी
   (कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)
3. सम्पर्कको लागि फर्म वा कम्पनीको अधिकारिक व्यक्तिको
   नाम, थरः
   ठेगानाः पोष्टवक्स नं :
   टेलिफोन नंः फ्याक्स नं :
   इमेलः

4. फर्म वा कम्पनीको विवरण :

दर्ता नं दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

5. इजाजतपत्र लिन चाहेको वर्ग :
6. सामुहिकरण हुन चाहेको समुह :
7. आर्थिक श्रोतको विवरण

| विवरण | रकम | वित्तिय संस्था (वैंकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

8. कामदारको विवरण
9. (क) प्राविधिक
(ख) अप्राविधिक
१)
२)
(ग) अन्य

10. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | बाँध, नहर, जलाशय, पानी टंकी तथा ढल निमाृण, पाईप विछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ्ग, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मिर्मत संभार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७. | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९. | अन्य | | | |

||. करचुक्ता गरेको प्रमाण कागजातहरु :

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निर्माण व्यवसायीको छापः

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

(द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयको माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।)

## सम्झौता पत्र

म ................................ को हैसियतको श्री ............................ को फर्ममा मिति ................. देखि ..................... को हैसियतमा काम गर्नेछु। मेरो शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल राजपत्रांकित अधिकृतवाट प्रमाणित गरी यसैसाथ पेश गरेको छु। म यस फर्ममा पुरा समय काम गर्नेछु। हाल कुनै सरकारी वा संगठित सार्वजनिक संस्थामा कार्यारत छैन । .................................. फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज ............................................ लाई ....................................... पदमा लगाउन मञ्जुर भई हामी दुवै पक्षवाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौ ।

| फर्मको तर्फवाट | कर्मचारीको तर्फवाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दरखास्त : | दरखास्त : |

## सम्झौता पत्र

म .......................... को हैसियतको श्री ................................ को फर्ममा मिति ................ देखि ...................... को हैसियतमा काम गर्नेछु । मेरो शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल राजपत्रांकित अधिकृतवाट प्रमाणित गरी यसैसाथ पेश गरेको छु । म यस फर्ममा पुरा समय काम गर्नेछु । हाल कुनै सरकारी वा संगठित सार्वजनिक संस्थामा कार्यारत छैन । .................................. फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज ............................................... लाई .................................. पदमा लगाउन मञ्जुर भई हामी दुवै पक्षवाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौ ।

| फर्मको तर्फवाट | कर्मचारीको तर्फवाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दरखास्त : | दरखास्त : |

12. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी मेशिनरी औजारको विवरण :

| सि. न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे. श्री .............................. .................... सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा रहेको र तिनको उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।
प्रमाणित गर्ने प्राविधिक
सहीः
पुरा नाम, थर :
कार्यालय :
मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ................................. ................ सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।
ठे. तर्फवाट प्राविधिक सिभिल (ईन्जिनियर वा ओभरसिय वा मे.ई)
सही :
पुरा नाम, थर :
मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ............................. .....................सँग राम्रो र चालु अवस्थामा उल्लेख भए वमोजिम नै भएको व्यहोार प्रमाणित गर्दछु ।
प्रमाणित गर्ने प्राविधिक (मे.ई.)
सही :
पुरा नाम, थर :
मिति :

(द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।)

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना

13. ईजाजत पत्र लिन चाहेको वर्ग :

(नियम १० वमोजिम वर्ग मध्ये कुनै एक)

14. सामूहिकरण हुन चाहेको समुह :
15. आर्थिक श्रोतको विवरण

| विवरण | रकम | वित्तीय संस्था (वैकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

१६. कामदारको विवरण

(क) प्राविधिक

(ख) अप्राविधिक

१)

२)

(ग) अन्य

## अनुसूची- २

**(निर्देशिकाको दफा ४ को उपदफा (४) सँग सम्बन्धित)**

**स्थानीय सरकार**

# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ, प्रदेश नं. ३, नेपाल

## “घ” वर्गको निर्माण व्यवसाय इजाजत-पत्र

इजाजत पत्र नं..................

निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका, २०७५ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ...................................... स्थित कार्यालय भएको ................................................... फर्म वा कम्पनीलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र प्रदान गरिएको छ ।

| प्रोपाइटरको | इजाजत पत्र दिनेको |
| --- | --- |
| नाम, थरः | नाम, थर :- |
| ठेगानाः | दस्तखत :- |
| | पद :- |
| | मिति : |

नोटः

१. यो इजाजत-पत्र एक आर्थिक वर्षसम्म मात्र वहाल रहने छ ।

२. नवीकरण गर्ने म्याद तीन महिनाको हुनेछ ।

३. म्याद नाघेको ६ महिनासम्म इजाजत-पत्र नवीकरण दस्तुर नियमानुसार लाग्नेछ । म्याद नाघेको छैठौं महिनामा पनि नवीकरण नभएको इजाजत-पत्र खारेज हुनेछ ।

# नवीकरण तालिका

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहेको अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | फाँटवाला | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची -३

## (निर्देशिकाको दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

## घ वर्ग निर्माण व्यवसाय इजाजतपत्र दर्ता तथा नवीकरण अभिलेख किताबको ढाँचा

इजाजतपत्र दर्ता नं. ........................... दर्ता मितिः..................

प्रोपाइटरको नाम, थरः .............................. आर्थिक वर्षः .........

ठेगानाः ....................................... सम्पर्क नं. .......................

फर्म वा कम्पनीको नामः .......................................................

| सि.नं. | नवीकरण गरेको मिति | नवीकरण बहाल गर्ने अवधी | नवीकरण दस्तुर र रसिद नं. | नवीकरण गर्ने अधिकारीको दरखास्त |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ४

### (निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

| क्र.सं. | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर | कैफियत |
|---|---|---|---|---|
| | १०,०००।- | ५,०००।- | १,०००।- | |

प्रमाणीकरण मितिः २०७५/०६/०४

आज्ञाले,

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत